जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८
सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता
राष्ट्रिय दैनिक
# पूर्वसन्देश
PURBA SANDESH NATIONAL DAILY
purbasandesh.com



## समय सन्दर्भ
## पहिचान फेरि एको समय

✍ बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

(३)

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन बृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीऊ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सिप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराइ युवाहरुलाई कृषिमा आकर्षित गरौं ।

**कृषि पेशाप्रति सम्मान र गौरव गरौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

❑ वर्ष-२१ ❑ अंक - १८९ ❑ २०८३ साउन ०४ गते सोमबार ❑ Monday, 20 July, 2026 ❑ मूल्य ७ /-

# बाढी र पहिरोका कारण जनजिवन प्रभावित

**❍ रात्रीकालिन सवारी आवागमनमा रोक ❍ विपद्का ५८ घटना, ३ जनाको मृत्यु**

✍ पूर्वसन्देश समाचार

**दमक**/ विभिन्न जिल्लामा लगातार वर्षा भइरहेको छ। वर्षाका कारण देशभर ५८ वटा घटना भएका छन्। बाढी र पहिरोको जोखिम रहेको भन्दै जोखिमपूर्ण ठाउँमा स्थानीय प्रशासनले सतर्कता अपनाएको छ। तर, वर्षामा भएको बाढी र पहिरोका कारण जनजीवन प्रभावित हुन थालेको छ।

अविरल वर्षासँगै बाढी, पहिरो र सडक दुर्घटनाको जोखिम बढेपछि कोशी प्रदेशका धनकुटा, खोटाङ, पाँचथर र इलाम जिल्ला प्रशासन कार्यालयले शनिबार रातिदेखि रात्रिकालीन सवारी सञ्चालनमा रोक लगाएका छन्।

झापामा असार मसान्तसम्म प्राकृतिक विपद्का घटनामा ११ जनाको मृत्यु भएको छ भने २२ करोड ७४ लाख ६० हजार नौ सय ५९ रुपैयाँ बराबरको क्षति भएको छ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी रञ्जन अवाका अनुसार उक्त अवधिमा जिल्लामा ३५९ वटा विपद्का घटना अभिलेख भएका थिए। ती घटनामा ३७ जना घाइते भएका थिए।

उक्त अवधिमा १५६ वटा आगलागीका घटना भएका, जंगली हात्ती र वन्यजन्तुको आक्रमणका ९४, हुरीका ५२, बाढी तथा डुबानका ३५ र चट्याङका २२ वटा घटना थिए।

विपद्का कारण आगलागीमा दुई जना, जंगली जनावरको आक्रमणबाट छ जना, हुरीमा एक जना र चट्याङ लागेर दुई जनाको मृत्यु भएको हो।

प्राकृतिक विपद्का विभिन्न घटनामा आठ हजार नौ सय १४ वटा चौपाया तथा पशुपन्छी मरे भने हुरीबाट तीन हजार २० र आगलागीबाट पाँच हजार ६६२ पशुपन्छी हताहत भएका थिए।

आगलागीबाट रु १५ करोड २२ लाखभन्दा बढी र बाढी तथा डुबानबाट रु छ करोड ३४ लाख बराबरको क्षति भएको सूचना अधिकारी अवाले बताए।

धनकुटा जिल्ला प्रशासन कार्यालयले भेडेटार-रवि-राँके सडक खण्ड, तमोर करिडोरअन्तर्गत मुलघाटदेखि पाँचथर सिमाना तथा भेडेटारबाट तेह्रथुम, संखुवासभा, भोजपुर र पाँचथरतर्फ जाने सम्पूर्ण सवारी साधन सञ्चालनमा रोक लगाएको जनाएको छ।

यस्तै, खोटाङ जिल्ला प्रशासन कार्यालयले मध्यपहाडी लोकमार्गअन्तर्गत चखेवा-दिक्तेल-जयरामघाट सडक र जिल्लाका सहायक सडकहरूमा शनिबार बेलुका ७ बजेदेखि आइतबार बिहान ५ बजेसम्म आपतकालीन सवारीबाहेक अन्य सबै सवारी साधन सञ्चालनमा रोक लगाएको छ।

पाँचथर जिल्ला प्रशासन कार्यालयले पनि सोही अवधिमा मेची राजमार्ग, तमोर करिडोर, पुष्पलाल (मध्यपहाडी) राजमार्ग, फिदिम-फालोट, राँके-रवि तथा जोरसाल-मेमेङ सडकसहित जिल्लाका मुख्य तथा भित्री सडकमा सवारी सञ्चालन बन्द गर्ने निर्णय गरेको छ। स्थानीय तहले आवश्यकता अनुसार अन्य बाँकी ४ पेजमा ▸▸

## सडक अवरुद्ध भएपछि दुध ढुवानी रोकियो



**दमक**/ मेची राजमार्गको माइखोलास्थित राजदुवाली खण्डमा सडक अवरुद्ध भएपछि १२ दिन यता इलामका किसानहरुले दैनिक उत्पादन भएको दुध बिक्री गर्न पाएका छैनन्। इलामको विल्याँटेमा रहेको दुग्ध विकास संस्थानको दुग्ध चिस्यान केन्द्रमा संकलन भएको दुध गएको असार २३ गतेदेखि विराटनगर जान सकेको छैन। दैनिक एक हजार लिटर दुध संकलन हुने केन्द्रमा अहिलेसम्म तीन हजार छसय लिटर दुध थन्किएको छ। चिस्यान केन्द्रमा रहेको दुध धेरै दिन बितिसक्दा विराटनगरबाट दुध बोक्ने ट्यांकर आउने अवस्था नभएपछि समस्या भएको चिस्यान केन्द्रका प्रमुख मन्टुकुमार ठाकुरले बताए।

इलामको धारापानी, जसवीरे, तालगाउँ, माइभगवतीलगायत १४ वटा सहकारी संस्थाबाट दुध संकलन हुनेगरेको थियो। प्रतिलिटर ६५ रुपियाँ ५६ पैसाका दरले किसानले दुग्ध विकास संस्थान डिडिसीलाई दुध बिक्री गर्दैआएका थिए। तर राजमार्गअवरुद्ध भएपछि १२ दिन यता किसानहरुले दुध बिक्री गर्न नपाएको वाणिज्य संघ अध्यक्ष पौड्यालले जानकारी दिए।

## कोशीमा पानीको बहाव उच्च, ब्यारेजमा २३ वटा ढोका खोलिए



**सुनसरी**/ सप्तकोशी नदीमा पानीको बहाव बढेपछि कोशी ब्यारेजका २३ वटा ढोका खोलिएका छन्। पछिल्लो मापनअनुसार कोशी ब्यारेजमा पानीको बहाव १ लाख ७६ हजार ३०५ क्युसेक पुगेको छ। जलस्तर मापनका क्रममा अहिले पानीको बहाव स्थिर देखिए पनि यो खतराको संकेतभन्दा माथि रहेको छ। नदीमा पानीको सतह बढेर जोखिम बढेसँगै सुरक्षा सतर्कताका लागि ब्यारेजका २३ वटा ढोका खुल्ला गरिएको हो। पानीको बहाव बढेसँगै स्थानीय प्रशासनले तटीय क्षेत्रका बासिन्दाहरूलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ।

## बाढीले बगाउँदा दुई जनाको मृत्यु

**खोटाङ**/ खोटाङमा शनिबार साँझ भारी वर्षापछि खहरे खोलामा आएको बाढीले बगाउँदा दुई जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-६ नेर्पाकी ४३ वर्षीया शान्ता राई र केपिलासगढी गाउँपालिका-४ बाक्सिलाका ७१ वर्षीय पर्शुराम परियार छन्। राईको स्थानीय छाँगे खोलाले बगाउँदा मृत्यु भएको हो। बाँकी ४ पेजमा ▸▸

## देउवा समुहले साउनभित्रै राष्ट्रिय भेला गर्ने

**दमक**/ नेपाली कांग्रेसको निवर्तमान सभापति शेरबहादुर देउवा समूहले साउनभित्र राष्ट्रिय भेला बोलाउने घोषणा गरेको छ। समूहको सम्पर्क कार्यालय चुनदेवीमा आइतबार पत्रकार सम्मेलन गर्दै समूहका प्रचार प्रसार समिति संयोजक मीन विश्वकर्माले श्रावण महिनाभित्रै काठमाडौंमा 'राष्ट्रिय भेला' आयोजना गर्ने निर्णय गरेको बताएका हुन्।

कांग्रेसको आन्तरिक विवादले उग्र रूप लिइरहेका बेला निवर्तमान सभापति देउवा समूहले राष्ट्रिय भेला गर्ने औपचारिक घोषणा गरेको हो। विशेष महाधिवेशनबाट निर्वाचित नेतृत्वले पार्टी एकताका लागि सात महिना बितिसक्दा र अदालतको फैसला आएको चार बाँकी ४ पेजमा ▸▸

## झापामा बढ्दै वित्तीय अपराध, एक वर्षमा ३७३ मुद्दा दर्ता

**झापा**/ झापामा बैंकिङ कसुर, ठगी र अनलाइन सट्टेबाजीजस्ता वित्तीय अपराधका घटना बढ्दै गएको पाइएको छ। जिल्ला प्रहरी कार्यालय झापाको तथ्यांकअनुसार आर्थिक वर्ष २०८२/८३ मा वित्तीय अपराधसम्बन्धी ३७३ वटा मुद्दा दर्ता भएका छन्।

प्रहरीका अनुसार दर्ता भएका मुद्दामध्ये २७० वटा फछ्र्योट भएका छन् भने १०३ वटा अनुसन्धानकै क्रममा छन्। ती घटनामा संलग्न १५५ जना पक्राउ परेका छन् भने ३१० जना अझै फरार रहेका छन्।

जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायव उपरीक्षक रञ्जन अवालका अनुसार सबैभन्दा धेरै बैंकिङ कसुरका २९४ वटा मुद्दा दर्ता भएका छन्। तीमध्ये २२० वटा फछ्र्योट भएका छन् भने ७४ वटा मुद्दा विचाराधीन छन्। यस प्रकरणमा ९९ जना पक्राउ परेका छन्।


यस्तै, ठगीका ६५ वटा मुद्दा दर्ता हुँदा ४० वटा फछ्र्योट भएका छन् भने २५ वटा बाँकी छन्। ठगीका घटनामा ३९ जना पक्राउ परेका छन्। आपराधिक लाभसम्बन्धी १२ वटा मुद्दामध्ये ८ वटा फछ्र्योट भइसकेका छन् भने ४ वटा अनुसन्धानकै क्रममा छन्। यसमा १५ जना पक्राउ परेका छन्। अनलाइन बेटिङसम्बन्धी २ वटा मुद्दा दर्ता भई दुवै फछ्र्योट भएको र दुई जना पक्राउ परेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार मोबाइल बैंकिङ, क्यूआर कोड, डिजिटल वालेट, ई-कमर्स र सामाजिक सञ्जालको प्रयोग बढेसँगै अपराधीहरूले पनि प्रविधिको दुरुपयोग गर्दै आएका छन्। फिसिङ, ओटीपी चोरी, नक्कली लगानी योजना, अनलाइन जुवा, सट्टेबाजी, सामाजिक सञ्जालमार्फत् हुने ठगी तथा डिजिटल वालेटको दुरुपयोगजस्ता अपराध बढ्दै गएका छन्।

प्रहरीको भनाइमा अपराधीहरूले अत्याधुनिक प्रविधिभन्दा पनि मानिसको लोभ, विश्वास, डर र उत्सुकताको फाइदा उठाएर ठगी गर्ने गरेका छन्। धेरैजसो अवस्थामा पीडितले ठगिएको थाहा पाएर उजुरी दिँदासम्म रकम विभिन्न बैंक, डिजिटल वालेट वा अन्तर्राष्ट्रिय वित्तीय सञ्जालमार्फत विदेश पठाइसकिएको हुने भएकाले अनुसन्धानमा चुनौती थपिएको छ।

प्रहरीले साइबर अपराध नियन्त्रणका लागि विद्यालय, कलेज तथा समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ। साथै बैंक, डिजिटल भुक्तानी सेवा प्रदायक, दूरसञ्चार कम्पनी र सामाजिक सञ्जालसँग समन्वय बढाएर शंकास्पद खाता तथा नम्बरको निगरानी गर्नुपर्ने आवश्यकता औंल्याएको छ। बाँकी ४ पेजमा ▸▸

## 'तीन दल मिल्ने प्रस्तावमा गगनको अमान्य



**दमक**/ नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले प्रदेश सरकार गठनका सन्दर्भमा तीन ठूला दलहरू मिलेर अघि बढ्नुपर्ने प्रस्तावप्रति कडा विमति जनाएका छन्। आइतबार ललितपुरमा आयोजित एक कार्यक्रममा थापाले यस्तो प्रस्तावले लोकतान्त्रिक मूल्य र जनताको मतको अपमान हुने बताए। थापाले तीन दल मिलेर सरकार बनाउनु भनेको प्रदेश संसद्लाई प्रतिपक्षविहीन बनाउनु भएको टिप्पणी गरे। यो अभ्यास जनताले दिएको म्यान्डेटभन्दा पूर्ण रूपमा बाँकी ४ पेजमा ▸▸

## दुर्घटनामा चारको मृत्यु

**ताप्लेजुङ**/ ताप्लेजुङमा सवारी दुर्घटनामा परेर चार जनाको मृत्यु भएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय ताप्लेजुङका अनुसार गत आर्थिक वर्ष २०८२/८३ मा भएका विभिन्न सवारी दुर्घटनामा परी चार जनाको मृत्यु भएको हो। गत आवमा सवारी दुर्घटनामा परी ५९ जना घाइते भएको ट्राफिक प्रहरीले जनाएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रहरी सहायक हबल्दार सुवास काम्बाङका अनुसार जिप, मोटरसाइकल, अटो र ट्र्याक्टर लगायतका सवारीसाधन दुर्घटना हुँदा मानवीय क्षति तथा मानिसहरू घाइते भएका हुन्। बाँकी ४ पेजमा ▸▸

**जनमैत्री बहुउद्देश्यीय सहकारी संस्था लि.**
**JANAMAITRI MULTIPURPOSE CO-OPERATIVE LTD.**
पुरानो थिमी, मध्यपुर थिमी न.पा.-६, भक्तपुर, ☎ : ०१-६६३६४०९, Email: janamaitrisaving@gmail.com

**कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने जरुरी सार्वजनिक सूचना**


**प्रथम पटक प्रकाशित मिति: २०८३/०४/०४ गते सोमबार पूर्व सन्देश दैनिक**

यस जनमैत्री बहुउद्देश्यीय सहकारी संस्था लि.बाट तपशीलमा उल्लेखित ऋणीले विभिन्न शीर्षक अन्तर्गत कर्जा उपभोग गर्नु भएकोमा कर्जा लिँदाको बखत तोकिएको भुक्तानी तालिमका अनुसार कर्जाको तिर्नु पर्ने किस्ता, ब्याज (सावा ब्याज) तथा कर्जा लिँदा कर्जा स्वीकृत पत्र अनुसारको सर्त कुविलिय उल्लंघन गर्नु भएको र पटक-पटक मौखिक एवम् लिखित तर/तागेता गर्दा समेत कर्जा तिर्न आलटाल गरेकाले यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्र ऋणको सम्पुर्ण सावाँ, व्याज र हर्जना चुक्ता गर्न नआएमा सहकारी ऐन २०७४, सहकारी (पहिलो संशोधन) अध्यादेश २०८३, सहकारी नियमावली २०७५ तथा संस्थाको ऋण लगानी नीति तथा असुली नीति एवं प्रचलित कानुन बमोजिम कर्जा असुली न्यायधीकरणमा मुद्धा दर्ता गरी ऋणी सदस्यहरुको लेना रकम असुल गर्ने प्रक्रिया अगाडी बढाइने छ। असुल उपर कार्वाहिको सिल सिलामा उक्त कार्यविधि अनुसार भएका अन्य सम्पुर्ण खर्च समेत ऋणीबाटै असुलउपर गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

**ऋणीको विवरण :**
नाम : शान्ता खड्का
बाबु : गोपीलाल खड्का
बाजे : डम्बर ब. खड्का
पति: कर्ण बहादुर खड्का
वतन : दुम्मान-८, भोजपुर
हाल : गौरादह-९, झापा
ना.नं. ०९३०६२/७०९
जारी मिति : २०६३।११।११



**जमानीकर्ताको विवरण :**
नाम : राधादेवी खत्री
बाबु : जगत बहादुर खत्री
पति: दुर्गा बहादुर कटुवाल
वतन : सगरमाथा,उपदयपुर पेलटार-८
हाल : गौरादह-९, झापा
ना.नं. स.उ. ९८६३
जारी मिति : २०४६।०३।१८



धितो दिएको जग्गाको विवरण

| जिल्ला | नपा/गापा | वडा नं. | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गा धनी |
|---|---|---|---|---|---|---|
| झापा | बैगुनधुरा | ३ | १७९०५०२ | ९६८ | ०.०.०.० ३३८,६३ | शान्ता खड्का |

## सम्पादकीय

# मनसुनी विपद्बाट जोगिनु अहिलेको आवश्यकता

हरेक वर्ष मनसुन भित्रिएसँगै नेपालमा बाढी, पहिरो र डुबानको कारूणिक शृंखला दोहोरिनु नियति जस्तै बनेको छ । यतिबेला कोशी प्रदेश प्राकृतिक विपद्को उच्च जोखिममा छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले झापासहित कोशीका आठ जिल्लामा भारीदेखि अति भारी वर्षा र बाढीको उच्च जोखिम रहेको भन्दै विशेष सतर्कता अपनाउन आग्रह गरेको छ । प्राधिकरणको यो चेतावनीलाई केवल प्राविधिक सूचनाका रुपमा मात्र लिएर बेवास्ता गरियो भने यसले अपूरणीय मानवीय र भौतिक क्षति निम्त्याउने निश्चित छ । मौसम विज्ञान विभाग र जिम्मेवार निकायले दिएका यस्ता पूर्वसूचनाहरुलाई नागरिक र स्थानीय प्रशासन दुवैले उच्च प्राथमिकतामा राख्नुपर्छ ।

विपद्को यो घडीमा अहिले कोशी प्रदेशका मुख्य राजमार्ग र सडक सञ्जालहरु क्षतविक्षत बनेका छन् । इलामको राजदुवालीमा पहिरो जाँदा मेची राजमार्ग अवरूद्ध छ भने ताप्लेजुङको खोक्से खोलामा सडक पूर्ण रुपमा बन्द हुँदा यातायात ठप्प छ । भोजपुरको बोखिम क्षेत्रमा मध्यपहाडी लोकमार्ग पनि बाढीका कारण आंशिक मात्र सञ्चालनमा छ । यो अवस्थाले केवल यात्रालाई मात्र सास्तीपूर्ण बनाएको छैन, बरू आपत्कालीन स्वास्थ्य उपचार र खाद्यान्न आपूर्तिमा समेत गम्भीर संकट पैदा गरेको छ । यसका साथै, झापा जिल्ला पछिल्ला पाँच वर्षमा चट्याङबाट सबैभन्दा बढी मानवीय क्षति बेहोर्ने जिल्ला बन्नु झनै चिन्ताको विषय हो । बाढी र पहिरोको चर्चा भइरहँदा चट्याङ जस्तो अदृश्य र तत्काल ज्यान लिने विपद्लाई न्यूनीकरण गर्ने ठोस उपाय र सचेतनाका कार्यक्रमहरु प्राथमिकतामा पर्न नसक्नु हाम्रो राज्य संयन्त्रको अर्को कमजोरी हो ।

प्राकृतिक प्रकोपलाई पूर्ण रुपमा रोक्न नसकिएला, तर यसबाट हुने क्षतिलाई नागरिक सचेतना र पूर्वतयारीमार्फत पक्कै न्यून गर्न सकिन्छ । यतिबेला जोखिमयुक्त क्षेत्रका बासिन्दाले मौसमको अवस्था बुझेर मात्र पाइला सार्नुपर्ने बेला आएको छ । लगातारको वर्षा भइरहेका बेला नदी तथा खोलामा आकस्मिक बाढी, पहिरो र गेग्रान बहावको जोखिम उच्च हुने भएकाले नदी किनार र भिरालो जमिन आसपास बस्ने नागरिकहरु आफैं बढी जिम्मेवार र सतर्क हुनुपर्छ । रातिको समयमा अनावश्यक यात्रा नगर्ने, खोलानाला र पहिरोको प्रकृति हेरेर सुरक्षित स्थानमा आश्रय लिने र स्थानीय प्रशासनले जारी गरेका सूचनाहरुलाई पालना गर्ने बानी नै विपद्बाट जोगिने पहिलो उपाय हो । त्यसैले, आइ परेछ भने हेरौँला भन्ने मानसिकता त्यागेर बेलैमा सचेत रहनु आवश्यकता छ ।

## जंगली च्याउ खाँदा महिलाको मृत्यु



दमक/ दाङको तुलसीपुरमा जंगली च्याउ खाएर बिरामी भएकी एक गृहिणीको मृत्यु भएको छ । तुलसीपुर उपमहानगरपालिका(३ बल्लेकी ३६ वर्षीया दीपा पुन मगरको शनिबार मृत्यु भएको हो ।

गत असार ३१ गते जंगलबाट ल्याएको च्याउ खाँदा दुई परिवारका ७ जना बिरामी परेका थिए । च्याउ खाएर बिरामी परेकामध्ये दुई जनालाई घरायसी उपचार गरिएको थियो । अन्य पाँच जनालाई अस्पताल लगिएको थियो ।

बिरामी परेकी दीपालाई राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा सामान्य उपचारपछि घोराही लगिएको थियो । घोराहीमा उपचार सम्भव नभएपछि शिक्षण अस्पताल कोहलपुर लैजाँदै गर्दा उनको बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

समय सन्दर्भ

# पहिचान फेरिएको समय



बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

**आफू राम्रो बनिएर होइन, अर्कालाई नराम्रो भनेर आफू राम्रो हुन खोज्ने बिरामी मान्छेहरुको दबदबा छ । मिडियादेखि सामाजिक सञ्जानलमा तिनै हाबी छन् ।**

एउटा सार्वजनिक फेसबुक पोस्टमा मैले आफ्नो छोटो सामाजिक (त्यो राजनीतिक थिएन) धारणा राखेको थिएँ । त्यहाँ यति फोहोरी कमेन्टहरू आए नि, सोचेको पनि थिईंन कि मान्छे यति धेरै पागल भइसकेका छन् । मान्छेका भाषा र व्यवहार हेर्छु, ती असाधारण देख्छु । ती 'नर्मल' छैनन् ।

यतिबेला समयको मान्छे बहुलाएको छ । अथवा भनौं मान्छेको समय बहुलाएको छ । कुरा एउटै हो ।

सामाजिक सञ्जलामा पोस्ट गरिएका सामग्री र तिनमा राखिएका प्रतिकृया ( कमेन्ट) हरू हेर्दा समयका यी दुबैकुरा प्रमाणित हुन्छन् ।

गाली गर्न जान्नेहरू उत्पादन गर्ने समय रहेछ यो । नैतिकतालाई दलको झण्डामुनि बिक्री गर्ने समय रहेछ यो । इमान्दारितालाई पैसाको बिटोमा साटही गर्ने समय रहेछ यो । बफादारीतालाई व्याक्तिगत फाइदा हुने एक कप नै भए पनि चीयामा बिनिमय हुने समय रहेछ यो । समाजले नपचाउने, अश्लील मानेका शब्द र वाक्य प्रयोग गरेर आफ्नो पहिचान समाप्त पार्न उद्दत यो समय अकल्पनीय आयामहरू बोकेर आएको छ ।

नेपाली समाज र संस्कृति यति धेरै बिकृत हुन्छ होला भन्ने लागेको थिएन । यति धेरै पागलपन देख्न पाइएला भन्ने पनि थिएन ।

यही पागलपनको कुरा गर्दा नायजेरियाका लेखक चिनुआ अचेबेको एउटा कथा मनभरी आयो । त्यो कथा 'म्याडमेन' (पागल मान्छे) उहिले विद्यार्थी हुँदा पढेको थिएँ । आज पनि काम लाग्यो ।

त्यस कथामा न्यिबे 'ओग्बु' गाउँको अत्यन्त सफल, लोकप्रिय, विवेकी र परिश्रमी किसान हो । ऊ उच्च नैतिक चरित्रको व्यक्ति हो र समाजमा प्रतिष्ठित मानिने ओजो समाजको सदस्य बन्ने तयारीमा हुन्छ ऊ । एक बिहानको कुरा हो, ऊ बजारतर्फ जानुअघि आफ्नो खेत नजिकै खोल्साको एकान्त किनारमा स्नान गर्न पुग्छ । बिहानै नुहाउनु उसको नित्य कर्म नै हुन्छ ।

त्यही ऊ नुहाइरहेको बेला, बजारको भीडभाड खोज्दै बाटो(बाटो डुलिरहने मानसिक सन्तुलन खलबलिएको एक व्यक्ति त्यहाँ आइपुग्छ । उसले किनारमा सफासँग पट्याएर राखिएका न्यिबेका लुगा देख्छ । न्यिबेका ती राखेका र न्यिबेले लगाएका लुगाप्रति कौतूहलता र रमाइलो महसुस गर्छ । पूरै आकर्षित हुन्छ । उखरमाउलो हुन्छ । कतिबेला उम्काउँ हुन्छ । प्यासी हुन्छ । अनि उसले बिना अनुमति, बिना अनुरोध न्यिबेको लङ्गोटी र कमिज तानेर लगाउँछ र त्यहाँबाट कुद्दै भाग्छ । आफ्ना लुगा र सम्मान दुवै गुमाएको निर्वस्त्र न्यिबे आफ्ना लुगा फिर्ता लिन त्यो पागलको पछि पछि दौडिन्छ । खेद्ने र भाग्ने 'भागमभाग' को दृष्य बन्छ त्यहाँ । त्यो एउटा ठट्टेउलो दृष्य बन्छ । उटपट्यांग जस्तो, प्रहसन जस्तो हाँस उठ्ने दृष्य बन्छ ।

यो पछ्याइ, भागम्भाग एकान्त बारीका डिल र खेतदेखि भीडले खचाखच भरिएको एके बजारसम्म पुग्छ । यति धैरै सम्मानित र शालीन व्यक्तित्वको क्षितिज बनाएको न्यिबे यसरी लाज बिर्षिएर नग्न कुद्नु पर्ने अवस्था पनि त्यो पागल मान्छेले गर्दा आउँछ । उच्च सम्मानित व्यक्तित्व भनेर मानिने न्यिबेलाई नाङ्गै अवस्थामा एक पागल मानिसको पछि दौडिरहेको देखेर गाउँलेहरू स्तब्ध हुन्छन्, आश्चार्यचकित हुन्छन् । क्षणभरमै यो घटना तमासामा परिणत हुन्छ । भीडले वास्तविकता नबुझी उल्टै न्यिबेलाई नै पागल ठहर गर्छ । भीडले ठान्छ, 'आँखाले देखेको सबै चिज सत्य हुन्छ' । किनकि न्यिबे पूर्णतः निर्वस्त्र अवस्थामा एउटा सामान्य देखिने मानिसको पछि लागिरहेका हुन्छ । गाउँको यति महान मान्छे कसरी यस्तो रूपमा प्रकट भयो ? सर्वत्र चासो र चिन्ता हुन्छ । र सबैले आँखा चिम्लेर न्यिबेलाई 'बिकामे' प्रमाणित गर्न खोज्छन् ।

यस अपमानको भार न्यिबेका लागि असह्य र कठीन सिद्ध हुन्छ । सार्वजनिक रूपमा निर्वस्त्र देखिएको कलंकले उनको प्रतिष्ठा मात्र होइन, उसको मानसिक सन्तुलनसमेत तहसनहस पारिदिन्छ । सामाजिक अपमान, लज्जा र मानसिक आघातले न्यिबे गहिरो निराशा तथा वास्तविक मानसिक अस्थिरताको अवस्थातर्फ धकेलिन्छ । विडम्बना के छ भने, समाजको हतारो र पूर्वाग्रही निर्णयले एक विवेकी, सम्मानित र सज्जन व्यक्तिलाई अन्ततः पागलपनको किनारसम्म पुर्‍याइदिन्छ । कथा यत्ति हो ।

यस कथामार्फत अचेबेले समाजले मानसिक स्वास्थ्यलाई कसरी मनपरी रूपमा परिभाषित र मूल्यांकन गर्छ भन्ने प्रश्न उठाउँछन् । दुई पात्रको भूमिकालाई उल्ट्याएर उनले पागलपन र विवेकको परम्परागत तथा चिकित्सकीय अवधारणामाथि गम्भीर आलोचना प्रस्तुत गरेका छन् यो कथामा । विवेक र पागलपनको सापेक्षता कथित पागल व्यक्तिको व्यवहार कतिपय अवस्थामा तर्कसंगत देखिन्छ, जबकि आफूलाई विवेकी ठान्ने बहुसङ्ख्यक समाजको हतारो निर्णयले न्यिबेको मानसिक संसार नै भत्काइदिन्छ । यसले विवेक र पागलपन को सीमा सधैँ स्पष्ट र स्थिर हुँदैन भन्ने सन्देश दिएको छ ।

यो कथाले मेरो आजको परिवेश बोलिरहेको छ । संसदमा सांसदहरू बोलेको हेर्दा हाम्रो संसद त्यही न्यिबे बाँचेको ओग्बु समुदाय देखिन्छ । हाम्रा सांसद त्यही ओगबुका मान्छे जस्ता लाग्न थालेका छन् । नेताहरू त्यही ओग्बुका अगुवाहरू जस्तो लाग्न थालेका छन् । दलहरू पनि त्यही ओग्बुका सामाजिक संस्थाहरू जस्ता लाग्न थालेका छन् । अनि केही गर्छु भनेर यो समयमा निस्किएका केही मानिसहरू त्यही ओग्बुका पागल मान्छेहरू बन्नु परिरहेको छ । यो देश ओग्बु भएर बाँचेको धेरै दशक भइसकेको छ, र त्यो ओगबुको नाम बदल्ने हुती कसैको छ जस्तो देखिन छाडेको छ ।

हामीलाई सिर्फ ओग्बुको मूक्ति चाहिएको छ । बाँकी त सबै स्वार्थ हुन् ।

संभव छ र त्यो मूक्ति ?

पत्याइएन ।

किनभने आज मिडिया, सामाजिक सञ्जाल, विमर्श हरेक कार्यक्रमहरूमा सिर्फ रीस छ, आक्रोश छ । क्रोध छ । स्वार्थ छ । बेइमान छ । आफू राम्रो बनिएर होइन, अर्कालाई नराम्रो भनेर आफू राम्रो हुन खोज्ने बिरामी मान्छेहरूको दबदबा छ । मिडियादेखि सामाजिक सञ्जानलमा तिनै हाबी छन् ।

हामी तिनलाई 'जय' भन्नुभन्दा अरू केही पनि गर्न सक्ने अवस्थामा छैनौं । यो पहिचान फेरिएको समय हो । जे हुन्छ, आश्चार्य नमान्दा हुन्छ ।

– दमक, झापा

धर्म/संस्कृति

# साउनमा माछा-मासु किन नखाने ?



साउन महिना धर्मकर्म गर्ने महिना । साउनमा विशेष गरी भगवान शिवको पूजा( पाठ, तीर्थ व्रत गर्ने हिन्दू धर्मावलम्बीमा परम्परा रहिआएको छ । शास्त्रले साउने सोमबारको व्रतको महिमा गाएको छ ।

पछिल्लो समय फेशनकै रूपमा हरियो चुरा, मेहेन्दी र पहिरन पनि हरिया नै लगाउने चलन बढ्दो छ । यो महिनामा माछामासु खान नहुने मान्यता छ । अधिकांश हिन्दू धर्मावलम्बी साउन महिनामा शाकाहारी भोजन गर्ने गर्छन् ।

साउनमा माछामासु किन नखाने ? भन्ने प्रश्नमा धार्मिक, आर्युवेदिक, वैज्ञानिक र स्वास्थ्य चिकित्साको क्षेत्रमा आ(आफ्नै तर्क पाइन्छन् ।

**साउन महिनाको महत्व**

१२ महिनामध्ये सबै महिनाका छुट्टाछुट्टै महत्व छन् । उपासना पद्धति र आ(आफ्नो परम्परा अनुसारका नियम छन् । साउन महिनाको पनि छुट्टै महत्व रहेको आचार्य गुरु सोमनाथ कोइरालाले बताउँछन् ।

उनका अनुसार साउन महिना भगवान शिवको उपासना गर्ने र आफ्नो मनलाई शान्ति राख्ने पवित्र महिना हो । समुन्द्र मन्थन गरेर निस्केको विषलाई भगवान शिवले घाँटीमा ग्रहण गरेको र गोसाइकुण्डमा त्रिशुलले खोपेर त्रिशुली नदीको उत्पति गरेको शास्त्रीय मान्यता छ । भगवान् शिवले यी सबै काम साउन महिनामा गरेको पूराणमा उल्लेख छ । साउन महिना शिवको भक्तिको महिना हो ।

धर्मिक मान्यता सँगसँगै साउनमा पर्याप्त मात्रामा पानी पर्ने जताततै हरियाली हुने भएकाले प्राकृतिक दृष्टिले पनि साउनको छुट्टै महत्व रहेको कोइराला बताउँछन् ।

**साउनमा माछा मासु किन नखाने ?**

साउनमा मासु खान नहुने विषयमा पनि धार्मिक, वैज्ञानिक, जैविक तथा आयुर्वेदलगायतको आ(आफ्नै तर्क छ । तर सबैको निश्कर्ष माछा मासु खानु हुँदैन भन्ने नै रहेको कोइराला बताउँछन् ।

**धार्मिक कारण**

सनातन धर्मले जीव हत्या गर्नु हुँदैन भनेको छ । मांस आहार गर्नु हुँदैन, सधैं सात्विक भावना राख्नुपर्छ । सत्व, रज र तमो गुणमध्ये मानिस सधैं सत्वगुणी हुनुपर्छ भनिएको छ । सत्वगुण धारण गर्नाले जीवनमा सफलता प्राप्त हुन्छ भन्ने शास्त्रीय विश्वास छ ।

साउनको सुरुवातसँगै दक्षिणायन प्रारम्भ हुन्छ । त्यस्तै श्रावण पूर्णिमामा श्रवण नक्षत्रको योग हुने भएकाले यो महिनालाई श्रावण भनिएको हो । यसको धार्मिक, प्राकृतिक र सांस्कृतिक नियम र नीति छन् ।

त्यस्तै हिलो मैलो गरेर खेती किसानी गरिसकेपछि शरीरका रोग हटाउन कण्डारक नामक राक्षसको पूजा गर्ने, लुतो फाल्ने, लगायतका परम्परा छ ।

भगवान शिवको नाममा धेरै महिला दिदी बहिनी व्रत बस्छन् । व्रत बस्दा मासु खान उपयुक्त हुँदैन । यो समयमा भगवान विष्णु आराम गरिरहेका र समुन्द्रमा उनको सेवाका लागि विभिन्न जीव जन्तु खटिने भएकाले जीवजन्तुलाई मार्नुहुँदैन भनिन्छ ।

**स्वास्थ्यको कारण**

स्वास्थ्यका दृष्टिले बर्खाको समयमा हाम्रो पाचन प्रणाली मौसमको प्रभावले कमजोर भएको हुन्छ । त्यस्तो अवस्थामा प्रोटिनयुक्त चिज र पशूजन्य चिज खाँदा शरीरले पचाउन सक्दैन । शरीरमा विभिन्न किसिमका रोग निम्तिने खतरा रहन्छ । बर्खाको समयमा जीवमा विभिन्न किसिमका फंगस, ब्याक्टेरिया, माइक्रोवियललगायत परजीविको सङ्क्रमणको जोखिम हुन्छ । तसर्थ पनि मांस आहार गर्नुहुँदैन ।

**जैविक कारण**

जैविक मान्यता के छ भने यो बेलाको मौसम, प्राकृतिक सुन्दरता लगायतका कारणले धेरै जीवको प्रजननका लागि उपयुक्त समय मानिन्छ ।

यस्तो बेलामा जीव हत्या गर्दा उनीहरूको प्रजनन् प्रक्रियामा प्रभाव पर्छ । साथै मानिसको स्वास्थ्यमा पनि विभिन्न किसिमका सङ्क्रमणको जोखिम हुन्छ ।

**आयुर्वेदिक कारण**

आयुर्वेदका हिसाबले मानव शरीरमा कफ, बात र पित्त तीन तत्वको व्यवस्थापन मिल्यो भने मात्रै मानिस स्वस्थ रहन्छ ।

बर्खाको समयमा बात र कफ उत्पादन हुने भएकाले कुनै पनि गह्रुङ्गा, बोझिला र प्रोटिनयुक्त वस्तु सेवन गर्नुहुँदैन । शरीरले त्यसलाई ग्रहण गर्न सक्दैन भन्ने मान्यता छ ।

**साउनमा कस्तो भोजन गर्ने ?**

खानाका सत्व, रज, तम गरी तीन वटा गुण हुन्छन् ।

जुन भोजन ग्रहण गर्दा मन चञ्चल हुँदैन मन शान्त हुन्छ र शरीरलाई हलुका महसुस हुन्छ त्यस्ता चिज जस्तै दाल, भात, ढिँडो, रोटीजस्ता शुद्ध, ताजा र कम मसलायुक्त खाना खानु राम्रो हुन्छ ।

बर्खाको मौसममा पाइने आलु, लौका, घिरौंला, करेला, सागजस्ता तरकारी खान उपयुक्त मानिन्छ । ताकि सजिलै पचाउन सकियोस् । लसुन, प्याज, माछा मासुलगायतका तामसिक भोजन ग्रहण गर्दा हाम्रो मनमा चञ्चलता उत्पन्न हुन्छ ।

कोही नराम्रो विचार भएको मान्छेले दिएको भोजन पनि हामीले ग्रहण गर्नुहुँदैन । भोजन सात्विक छ तर कसैले रिसाएर खान दिएको छ भने त्यसले पनि हाम्रो स्वास्थ्यमा असर गर्छ । त्यसैले जहाँसुकै नखाएर व्रत बसेको दिनमा आफैंले बनाएर खानु उपयुक्त हुन्छ ।

# भोजपुरमा कृषि उपज संकलन तथा बिक्री केन्द्र बन्ने



भोजपुर/ भोजपुरको टेम्केमैयुङ गाउँपालिका( ९ पाँचधारेमा करिब १० करोड रुपैयाँको लागतमा आधुनिक कृषि उपज संकलन तथा बिक्री केन्द्र निर्माण हुने भएको छ। स्थानीय कृषकलाई बजारसँग प्रत्यक्ष जोड्दै कृषि उत्पादनको उचित मूल्य सुनिश्चित गर्ने उद्देश्यले केन्द्र निर्माण गर्न लागिएको हो।

भारत सरकारको सहयोगमा निर्माण हुने परियोजनाको कुल लागत ९ करोड ८८ लाख ६७ हजार ७८५ रुपैयाँ रहेको छ। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अदित दाहालका अनुसार परियोजनाको ९५ प्रतिशत लागत भारतीय दूतावासले व्यहोर्नेछ भने बाँकी पाँच प्रतिशत तथा मूल्य अभिवृद्धि कर (भ्याट) गाउँपालिकाले बेहोर्नेछ।

विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) अनुसार केन्द्रमा आधुनिक भण्डारण कक्ष, चिस्यान व्यवस्थापन प्रणाली, कृषि उपज संकलन स्थल, ग्रेडिङ (वर्गीकरण) तथा प्राथमिक प्रशोधन सुविधा रहनेछन्। केन्द्र सञ्चालनमा आएपछि तरकारी, फलफूललगायत स्थानीय कृषि उत्पादनको संकलन, भण्डारण र बजारीकरण थप व्यवस्थित हुने अपेक्षा गरिएको छ।

हाल बजार व्यवस्थापनको अभावमा किसानले आफ्नो उत्पादन कम मूल्यमा बिक्री गर्नुपर्ने अवस्था रहेको भन्दै गाउँपालिकाले केन्द्र सञ्चालनपछि कृषकले उत्पादनको उचित मूल्य पाउने विश्वास व्यक्त गरेको छ। साथै स्थानीय उत्पादनलाई बाह्य बजारसम्म सहज रूपमा पुऱ्याउन पनि यसले सहयोग गर्ने जनाइएको छ।

गाउँपालिका अध्यक्ष सरोज बस्नेतले लामो समयदेखिको पहल र समन्वयपछि आयोजना कार्यान्वयनको चरणमा पुगेको बताए। उनले यसलाई गाउँपालिकाको गौरवको परियोजनाका रूपमा लिइएको उल्लेख गर्दै केन्द्र निर्माणपछि कृषकलाई उत्पादन बिक्रीका लागि सहज वातावरण सिर्जना हुने बताए।

उनका अनुसार परियोजनाले कृषि क्षेत्रमा व्यावसायिकता विस्तार, स्थानीय रोजगारी सिर्जना, युवालाई कृषि उद्यमतर्फ आकर्षित गर्ने तथा आधुनिक कृषि प्रविधिको प्रयोग बढाउने लक्ष्य राखेको छ। साथै कृषि पूर्वाधार विकास, व्यापारिक गतिविधि विस्तार र स्थानीय अर्थतन्त्र चलायमान बनाउन पनि यसले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

गाउँपालिकाले चालु आर्थिक वर्षभित्रै निर्माण सम्झौता गरी काम सुरु गर्ने तयारी गरेको जनाएको छ। समयमै आयोजना सम्पन्न भए टेम्केमैयुङ गाउँपालिका कृषि उत्पादनको संकलन, भण्डारण र बजारीकरणको प्रमुख केन्द्रका रूपमा विकास हुने तथा कृषिमा आधारित उद्यम, बसाइँसराइ न्यूनीकरण र स्थानीय स्रोत(साधनको प्रभावकारी उपयोगमा समेत महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ।

## जानकारी

# 'सिधो नुन' स्वास्थ्यका लागि कति लाभदायक ?



दमक/ सिधे नुन (रक साल्ट) सेतो नुनभन्दा बढी स्वास्थ्यकर हुन्छ भन्ने धारणा धेरै मानिसमा पाइन्छ।

तर चिकित्सकहरू कुन नुन खाने भन्नेभन्दा पनि कति मात्रामा खाने भन्ने कुरा स्वास्थ्यका लागि धेरै महत्वपूर्ण हुने बताउँछन्।

सेतो नुनलाई प्रशोधन गरी त्यसमा आयोडिन मिसाइन्छ। आयोडिन थाइराइड ग्रन्थिको कार्य र मस्तिष्कको विकासका लागि आवश्यक पोषक तत्व हो। विशेषगरी गर्भवती महिला र बालबालिकाका लागि पर्याप्त आयोडिन अत्यन्त आवश्यक छ।

तर सिधे नुनमा आयोडिन हुँदैन। यसमा केही प्राकृतिक खनिज तत्त्व भए पनि तिनको मात्रा निकै कम हुने भएकाले त्यसबाट विशेष स्वास्थ्य लाभ नहुने चिकित्सकहरू भन्छन्। सिधे नुन र सेतो नुन दुवैको मुख्य रासायनिक तत्त्व सोडियम क्लोराइड नै हो। सिधे नुन कम नुनिलो हुने भएकाले स्वाद मिलाउन धेरै हालिन्छ। यसले शरीरमा सोडियमको कुल मात्रा झन् बढ्न सक्ने उनीहरू बताउँछन्।

चिकित्सकहरूले दैनिक खानपानमा आयोडिनयुक्त सेतो नुन प्रयोग गर्न र यसको मात्रा भने नियन्त्रणमा राख्न सुझाव दिएका छन्। साथै अचार, चटनी, साम्बार तथा धेरै नुन प्रयोग गरिएका प्रशोधित खाद्य पदार्थको सेवन सकेसम्म कम गर्न भन्छन्।

के हो सिधे नुन ?

सिधे नुनलाई हिमालयन रक साल्ट वा पिंक साल्ट पनि भनिन्छ। यो सामान्यतया प्रशोधन नगरी प्राकृतिक रूपमा बिक्री गरिन्छ। यद्यपि लामो समयसम्म सेतो नुनको सट्टा सिधे नुन मात्र प्रयोग गर्दा शरीरमा आयोडिनको कमी हुन सक्छ, जसले थाइराइडसम्बन्धी समस्या बढाउने जोखिम रहने चिकित्सकहरू बताउँछन्।

# जलवायु परिवर्तनले बढायो खाद्य सुरक्षाको चुनौती



मोरङ/ कोशी प्रदेशमा यस वर्ष समयमै मनसुन सक्रिय भएसँगै धान रोपाइँ उत्साहजनक रूपमा अघि बढे पनि जलवायु परिवर्तनका कारण खाद्य सुरक्षामा चुनौती बढ्दै गएको सरोकारवालाले बताएका छन्। उद्योग, कृषि तथा सहकारी मन्त्रालयका अनुसार हालसम्म धान रोप्न योग्य क्षेत्रफलमध्ये ५४ प्रतिशतमा रोपाइँ सम्पन्न भएको छ। यो गत वर्षको सोही अवधिको तुलनामा करिब दुई प्रतिशत बढी हो। समयमै वर्षा भएकाले बाँकी क्षेत्रमा पनि रोपाइँले तीव्रता लिने अपेक्षा गरिएको मन्त्रालयले जनाएको छ।


मन्त्रालयको खाद्य सुरक्षा महाशाखाका प्रमुख प्रकाश मरासिनीले पछिल्ला वर्षहरूमा धान भित्र्याउने समयमा हुने असमयको वर्षाका कारण किसानले उत्पादन र गुणस्तर दुवैमा क्षति व्यहोर्नुपरेको बताए। काटेर खेतमा सुकाउन राखिएको धानमा वर्षा हुँदा खाद्यान्न उत्पादनमा प्रत्यक्ष असर पर्ने उनको भनाइ छ।

वरिष्ठ कृषि विज्ञसमेत रहनुभएका मरासिनीका अनुसार रासायनिक मलको बढ्दो प्रयोग, मौसममा आएको अनिश्चितता तथा प्राकृतिक विपद्का कारण खाद्य सुरक्षाको जोखिम क्रमशः बढ्दै गएको छ। विश्वव्यापी जलवायु परिवर्तनको प्रभावबाट कोशी प्रदेश पनि अछुतो नरहेको बताए। प्रदेशमा ८ लाख २६ हजार ६४६ हेक्टर खेतीयोग्य जमिन रहेकामा २ लाख ७६ हजार ३८६ हेक्टर क्षेत्रफलमा धान खेती हुँदै आएको मन्त्रालयको तथ्यांक छ।

मरासिनीले बदलिँदो मौसमअनुकूल धानका जातको प्रयोग बढाउन तथा कृषि मौसम बुलेटिन र मौसम पूर्वानुमानलाई आधार बनाएर खेती गर्न किसानलाई आग्रह गरे।

सरकारले बाली बीमा कार्यक्रमलाई प्राथमिकतामा राखे पनि पर्याप्त बजेट अभावका कारण प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको बताए। धान बाली बीमा कार्यक्रम विस्तार गर्न आवश्यक स्रोत सुनिश्चित गर्नुपर्नेमा उनले जोड दिए।

# विश्वको सबभन्दा लामो नङ



दमक। कसैको हातको नङको मूल्य २ लाख अमेरिकी डलर पर्छ भन्दा जो कोहीलाई पनि विश्वास नलाग्न सक्छ। तर यो वास्तविकता हो। भारतको पूना शहरका श्रीधर चिलाल नामक व्यक्तिले आˆनो देब्रे हातमा पालेको नङ विश्वको सबभन्दा लामो नङ भएको दावी गर्दै सो नङको मूल्य २ लाख डलर तोकेका छन्। एक जना अमेरिकीले उनको नङलाई १ लाख अमेरिकी डलर दिन मन्जुर गरिसकेको छ तर त्यति मूल्यमा आफ्नो नङ बेच्न नचाहेको कुरा उनले बताएका छन्।

उनले सो नङ सन् १९५२ देखि पाल्न शुरू गरेका थिए। उनको बुढी औंलाको नङ ५२ इन्च र अन्य औंलाहरूको नङ ४१ इन्चदेखि ४६ इन्चसम्मका छन्। सबै नङको लम्बाई जोड्दा उनको हातको नङ २ सय ३२ इन्च अर्थात् १९ फुट ४ इन्च हुन आउँछ। उनले ती नङहरूलाई कहिले मुठो पारेर बाँध्ने र कहिले गोलो पारेर राख्ने गरेका छन्। यसरी नङ लामो हुनाको कारणले असुविधाहरू बढ्न थालेकोले सो नङ बेच्न चाहेको कुरा उनले बताएका छन्।

# साउने झरीसंगै झाडापखालाका बिरामी बढे



दमक/ मनसुन सक्रिय भएसँगै देशभर लगातार भइरहेको वर्षाका कारण पानीजन्य तथा विभिन्न संक्रामक रोगहरूको जोखिम तीव्र रूपमा बढेको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य अधिकारीहरूले देशभर झाडापखाला, हैजा, टाइफाइड, डेंगु र श्वासप्रश्वाससम्बन्धी संक्रमणका बिरामीहरूको संख्या उल्लेखनीय बढेको भन्दै नागरिकलाई विशेष सतर्कता अपनाउन आग्रह गरेका छन्।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी) को पछिल्लो प्रतिवेदन अनुसार देशभर महामारीको रूप लिन सक्ने संक्रामक रोगहरूको अवस्था बढ्दो छ। महाशाखाका अनुसार पछिल्लो एक साताको अवधिमा मात्रै देशभर ७८५ जना तीव्र झाडापखालाका बिरामी फेला परेका छन्।

पछिल्ला तीन साताको निगरानीमा क्रमशः ७२०, ७६२ र ७१८ बढी बिरामी भेटिएको इडिसिडीले जनाएको छ।

महाशाखाका अनुसार इन्फ्लुएन्जाजस्तो रोगका ५ सय, श्वासप्रश्वास संक्रमणका ४ सय ३६ , डेंगुका १ सय १३, स्क्रब टाइफसका ३७, ज्वरोसँगै बिबिरा आउने समस्या भएका ३३ बिरामी फेला परेका छन्।

झाडापखालाका सबैभन्दा धेरै ३ सय ८० बिरामी बागमती प्रदेशमा फेला परेका छन्। त्यस्तै, इन्फ्लुएन्जाका सर्वाधिक बढी १ सय ९८ बिरामी सुदूरपश्चिम प्रदेश र श्वासप्रश्वास संक्रमणका १ सय ७ बिरामी लुम्बिनी प्रदेशमा देखिएका छन्।

डेंगुका संक्रमितहरूमध्ये सबैभन्दा धेरै ४३ जना कोशी प्रदेशमा फेला परेका छन् भने स्क्रब टाइफर्सका बिरामी गण्डकी र सुदूरपश्चिममा बढी देखिएका छन्।

वर्षायाम सुरु भएसँगै काठमाडौं उपत्यकामा हैजाको जोखिम उच्च बनेको छ। लगातारको वर्षाका कारण मेलम्ची खानेपानी आयोजनाबाट आपूर्ति अवरुद्ध भएपछि हाल उपत्यकाका विभिन्न क्षेत्रमा ट्यांकरमार्फत पानी वितरण भइरहेको छ।

## उखान तुक्का

अँगालाको माया, भँगालाको पानी-

सधैंभरि नटिक्ने कामकुरो। रनधोज बूढा खोत्तै भन्न थाले "वीरेले पातलीलाई छोड्यो रे होइन ? अचेलका ठिटाठिटी के भएका बाबै ! जिन्दगीलाई अँगालाको माया, भँगालाको पानी मात्र ठानेर हुन्थ्यो ? जोईपोइ मिलेर पो बस्नुपर्थ्यो !"

अँध्याराको काम खोलाको गीत-

भेउ नपाइने वा कहिल्यै नटुङ्गिने कामकुरो। १. लालुले पिंढीमा बसेर पसिना पुछ्दै भने- "लहरेको पाखो बिराऊँ भनेर लागेको, बाबु ! तीन मैह्ना भैसक्यो, कैल्यै सकिँदैन। अँध्याराको काम खोलाको गीतझै भएर पिरल्यो है मलाई त !" २. अचेल राति बत्तीले केही गर्न दिँदैन। कता लेख्नु कता पढ्नु- अँध्याराको काम खोलाको गीत पो भैरहेछ।

अकबरी सुनलाई कसी लाउनुपर्दैन-

राम्रो कुरालाई जाँच्नु-बुझ्नु पर्दैन। १. त्यस कम्पनीबाट उत्पादित माल राम्रा हुन्छन् भन्ने धेरैलाई थाहा छ, अकबरी सुनलाई कसी लाइरहनु पर्दैन। २. "केटी कस्ती छन् कुन्नि !" "केटी त बत्ती बलेजस्ती रहिछन्, सुबानकी पनि। अकबरी सुनलाई कसी लाउनुपर्दैन, हेर्दै थाहा भैहाल्छ, तिनै केटी बिहे गरे हुन्छ।"

अकास (आकाश) को फल आँखा तरी मर-

हुन नसक्ने वा हुँदै नभएका कुराको आशा गर्नु व्यर्थ छ।


अगाडि खोलो पछाडि भड्खालो-

सबैतिर विपद् आइलागेको अवस्था। अहिले चन्द्रमानलाई पर्नु विपद् परेको छ। एकातिर फटाहाहरूले गाउँमा बसिनसक्नु पारे, अर्कातिर स्वास्नी मरी। बाहिर जाओस् केटाकेटीको बिचल्ली हुने, घरमा बसोस् टिक्नै नदिने भए। बिचराको जीवन अगाडि खोलो पछाडि भड्खालो भएर रोइरहेछ।

अगुल्टाले हानेको कुकुर बिजुलीदेखि (देख्ता) तर्सन्छ-

एक खेप चोट पाइसकेको मान्छे सधैं डराउँछ।

# "जदौ" को शीर्ष गीत जदौ हजुरमा' सार्वजनिक




दमक/ चलचित्र 'जदौ' को शीर्ष गीत 'जदौ हजुरमा' सार्वजनिक गरिएको छ। हाइटेक इन्टरटेन्मेन्ट युट्युवमार्फत दर्शकमाझ ल्याइएको डान्सिङ बिटको गीतमा राजनराज शिवाकोटी र रचना रिमालको स्वर छ। बाबुल गिरीको शब्द र संगीतमा रहेको गीतमा नीति शाह,प्रभातपाल ठकुरी, राजश्री थापालगायतका प्रमुख कलाकार फिचर छन्। गीतको कोरियोग्राफी रामजी लामिछानेले गरेका हुन्।

अन्जन शर्मा र काजी लिम्बुको संयुक्त निर्देशनमा बनेको फिल्म ९ असोजमा देशव्यापी प्रदर्शनमा आउने छ। समीश्रण मुभीज एण्ड इन्टरटेन्मेन्टले सिल्भर स्क्रिन इन्टरटेन्मेन्ट प्रालिसँगको सहकार्यमा निर्माण गरेको 'जदौ' मा मुकुन भुसाल, ऋचा शर्मा, नीति शाह, प्रतातपाल ठकुरी, राजश्री थापा, विनोद न्यौपाने, नरेश पौड्याल, गीता अधिकारी, खड्कबहादुर पुन (खबपु), सुन्दर धिताल, सन्ध्या श्रेष्ठ, सुमित्रा देवकोटालगायतका कलाकारले अभिनय गरेका छन्।

श्याम तामाङ र नवराज उप्रेतीले खिचेको फिल्मको सहनिर्माताामा राजाराम सुवेदी, सुमीत्रा देवकोटा, दीपक पोखरेल, नारायण शास्त्री र डिल्ली पोखरेल छन्। सृजना शर्मा र मनिष शर्मा निर्माता अनि शान्ति पुडासैनी कार्यकारी निर्माता रहेको फिल्मको प्रोडक्शन हेड विमला भण्डारी छिन्। फिल्मलाई एनजिसिएन ग्रुपले देशव्यापी रूपमा वितरण गर्दैछ।

## दैनिक राशिफल

आज मिति २०८३ साल साउन ०४ गते सोमबार 20 July 2026



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | मनमा अशान्ति । मध्यान्हबाट धन लाभ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मानसम्मान मिल्ने । कार्यमा सफलता । |
| मिथुन | का कि कु घ ङ छ के को हा | पढाईमा रुचि । आयमा वृद्धि । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | धन, मान मिल्ने । असल खाना । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | हड्डी सम्बन्धी समस्या । पिता, गुरुसँग विवाद । |
| कन्या | टो प पी पू ष ण ठ पे पो | घरायसी सामान जोड्ने । रोजगारीको अवसर । |
| तुला | रा री रु रे रो ता ती तु ते | सन्तानबाट सुख । शिक्षामा रुचि । |
| वृश्चिक | तो ना नि नु ने नो या यि यु | धर्ममा रुचि । आयश्रोत बढ्ने । |
| धनु | य यो भा भी भ धा फा ढ भे | शारीरिक पीडा । पारिवारीक समस्या खर्च बढ्ने । |
| मकर | भो जा जी खि खु खे खो गा गी | प्रियजनसँग भेट । व्यापारबाट लाभ । |
| कुम्भ | गु गे गो सा सी सु से सो द | कृषि कार्यबाट लाभ । मनमा शान्ति । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | पढाईमा रुचि । मित्रबाट सहयोग । |

# विद्यार्थीलाई शैक्षिक सामग्री



**पाँचथर/** फिदिम नगरपालिका -७ का जननिर्वाचित महिला वडा सदस्य भीमाकुमारी दुलाल ( बाँस्कोटा) ले आफ्नो जन्मदिनको अवसरमा पञ्चकन्या आधारभूत विद्यालय, माक्लुम्वाका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको छ ।

२५ जना विद्यार्थीलाई टाइ, बेल्ट तथा स्टेशनरी सामग्री हस्तान्तरण गरेकी हुन् । शिक्षा क्षेत्रमा बालबालिकालाई प्रोत्साहन गर्ने उद्देश्यले सामग्री वितरण गरिएको वडा सदस्य दुलालले बताइन् ।

जन्मदिनको अवसरमा असहाय, विपन्न, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा गरिब बालबालिकालाई सहयोग गर्ने प्रतिबद्धताअनुसार 'बालबालिका तथा ज्येष्ठ नागरिकसँग महिला वडा सदस्य' कार्यक्रम सञ्चालन गर्दै आएको बताइन् । यसअघि आधारभूत स्वास्थ्य केन्द्र नाडलपालाई फलामे कुर्सी उपलब्ध गराउनुका साथै फिदिम-२ साम्दिनस्थित ज्येष्ठ नागरिक आश्रमका आश्रितलाई कपडा तथा फलफूल वितरण गरेकी थिइन्। त्यसैगरी २०८० सालमा अभिभावकविहीन फिदिम -४ माझिटारकी एक छात्रालाई अध्ययनका लागि पाँच हजार रुपियाँ आर्थिक सहयोग गरेको जनाइएको छ ।

## दुई बस र ट्रक ठोक्किँदा ३० जना घाइते

**दमक/** नारायणगढ-मुग्लिन सडकअन्तर्गत जलबिरेमा आइतबार बिहान दुई बस र एक ट्रक एकापसमा ठोक्किँदा ३० जना घाइते भएका छन् । एक जनाको अवस्था गम्भीर छ । नारायणगढबाट मुग्लिनतर्फ गइरहेको बसले सोही दिशातर्फ गइरहेको ट्रकलाई उछिन्ने क्रममा विपरीत दिशाबाट आइरहेको बससँग ठोक्किँदा उनीहरू घाइते भएका हुन् ।

जिल्ला प्रहरी कार्यालयका अनुसार घाइतेमध्ये २१ जनाको चितवन मेडिकल कलेज र नौ जनाको पुरानो मेडिकल कलेजमा उपचार भइरहेको छ ।

## लागु औरुषधसहित दुई पक्राउ

**दमक/** भारतीय र नेपाली नागरिकबाट प्रहरीले ठूलो मात्रामा लागुऔषध बरामद गरेको छ । प्रहरीले काठमाडौंको कुलेश्वरमा आइतबार दिउँसो गोली हानेर दुईजनालाई पक्राउ गरेको छ । यसरी लागुऔषधसहित समातिएकामध्ये एकजना भारतीय र अर्का नेपाली छन् । लागुऔषध नियन्त्रण ब्यूरोका इन्स्पेक्टर राकेश यादवसहितको टोलीले कुलेश्वरको पुलनजिक दुई राउन्ड गोली हानेर उनीहरूलाई पक्राउ गरेको हो ।

***झापामा......***यसैबीच विश्वकप फुटबलको अवसरमा अनलाइन जुवा, सट्टेबाजी र डिजिटल ठगी बढ्न सक्ने भन्दै नेपाल प्रहरीले सर्वसाधारणलाई सचेत रहन आग्रह गरेको छ । प्रहरीले ओटीपी, पासवर्ड, बैंक खातासम्बन्धी विवरण कसैसँग पनि साझा नगर्न, अविश्वसनीय लगानी योजना तथा चिट्ठा परेको भन्ने प्रलोभनमा नपर्न र शंकास्पद गतिविधि देखिए तत्काल प्रहरीलाई जानकारी गराउन अनुरोध गरेको छ ।

***बाढी.....*** सडकमा पनि प्रतिबन्ध लगाउन सक्ने जनाएको छ । इलाम जिल्ला प्रशासन कार्यालयले पनि मेची राजमार्ग, मेची करिडोरलगायत जिल्लाभित्रका सबै सडकमा रात्रीकालिन सवारी आवागमन बन्द गर्ने निर्णय गरेको जनाएको छ ।

प्रशासनहरूले अत्यावश्यक कामबाहेक रातिको यात्रा नगर्न, खोला, खहरे र नदी आसपासका बस्ती तथा पहिरोको उच्च जोखिम भएका क्षेत्रमा विशेष सतर्कता अपनाउन सर्वसाधारणलाई आग्रह गरेका छन् । साथै सुरक्षा निकाय, स्थानीय तह, स्वयंसेवक तथा सरोकारवाला निकायलाई सम्भावित उद्धार तथा प्रतिकार्यका लागि तयारी अवस्थामा रहन निर्देशन दिइएको छ ।

जल तथा मौसम विज्ञान विभागले कोशी प्रदेशसहित देशका विभिन्न क्षेत्रमा अत्यधिक वर्षाको सम्भावना औंल्याएपछि सम्भावित मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न प्रशासनहरूले रात्रिकालीन सवारी सञ्चालनमा रोक लगाउने निर्णय गरेका हुन् ।

साउनको दुइदिनमा भएका ५८ वटा विपद्का घटनामा परेर ३ जनाको मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । बाढीका कारण खोटाङको रुपाकोट मझुवागढी नगरपालिका-६ घर भएकी ४३ वर्षीया शान्ता राई र कोपिलासगढी गाउँपालिका-४ घर भएका ७१ वर्षीय पर्शुराम परियारले ज्यान गुमाएका छन् ।

वर्षासँगै जमिनको सतहवाहिर निष्कन थालेर सर्पदंशका घटना पनि बढ्न थालेका छन् । सर्पदंशका कारण १ जनाको मृत्यु भएको छ भने पछिल्लो २४ घण्टाको अवधिमा १३ जना घाइते भएका छन् । अविरल वर्षा, आगलागी, चट्याङ, बाढी र पहिरोका कारण २३ लाख ६६ हजार आर्थिक नोक्सानी भएको प्रहरीले जनाएको छ ।

२०८३ वैशाख १ भन्दापछि विपद्का कारण १६८ जनाको मृत्यु भैसकेको छ । तीन महिनाको अवधिमा ९९४ जना घाइते भएका थिए । २ जना अझै बेपत्ता छन् । देशभर सो अवधिमा ३ हजार ४ सय ६३ विपद्का घटना भएका थिए । विपद्को कारण १ हजार १५ वटा चौपायाको मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

***तीन...***फरक र अस्वभाविक भएकाले कांग्रेसले यस्तो कार्यलाई स्वीकार गर्न नसक्ने उनको स्पष्ट भनाइ छ । राजनीतिक दलहरूमा देखिएको तीव्र सत्तामुखी प्रवृत्तिको आलोचना गर्दै थापाले यसले राजनीतिको साख गिराएको बताएका छन् । उनले भने, 'बिहानसम्म सत्तापक्ष भएको दल भोलिपल्ट प्रतिपक्ष र प्रतिपक्षमा भएको दल एकाएक सत्तापक्ष हुने प्रवृत्तिले राजनीति दिशाहीन बनेको छ' । विगतमा सत्ताकै लागि नेपाली कांग्रेसबाट कतिपय गल्तीहरू भएको स्वीकार गर्दै थापाले अबका दिनमा सिद्धान्तमा कुनै पनि हालतमा सम्झौता नगर्ने घोषणा गरे । सत्तालाई नै सर्वोपरी मान्ने सोचका कारण २०७२ सालयताको राजनीति अस्थिर र दिशाहीन बनेको उनको तर्क छ ।

***देउवा...***महिना पुग्दा पनि कुनै सार्थक पहल नगरेको आरोप लगाउँदै देउवा पक्षले राष्ट्रिय बहस र नयाँ कार्यदिशा तय गर्न भेला बोलाउने निर्णय गरेको विश्वकर्माले बताए ।

पत्रकार सम्मेलनमा वितरित विज्ञप्तिमा लेखिएको छ, 'वर्तमान राष्ट्रिय राजनीति अनपेक्षित मोडमा गइरहेको र स्थापित दलहरूलाई कमजोर बनाउने खेल भइरहेका बेला पार्टीभित्र बलियो एकता कायम गर्नु अपरिहार्य भएको छ । नागरिक अधिकार र लोकतन्त्रको रक्षाका लागि नीतिगत छलफल गर्न यो राष्ट्रिय भेला आयोजना गर्न लागिएको हो ।' विज्ञप्तिमा संस्थापन पक्षले सहकर्मी दलहरूलाई समेत सार्वजनिक मञ्चहरूबाट चिढ्याउने खालका अभिव्यक्ति दिएर आन्दोलनबाट प्राप्त नागरिक अधिकारहरूलाई कमजोर बनाएको आरोप लगाइएको छ । विश्वकर्माले राष्ट्रिय भेलाको निश्चित मिति, समय र स्थान यही श्रावण ६ गते आयोजना हुने जननायक बीपी कोइरालाको स्मृति दिवसको अवसरमा सार्वजनिक गरिने बताए ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## डुंगामा डुबेका यात्रुको तीन दिनपछि उद्धार

**एजेन्सी/** पूर्वी इन्डोनेसियाको समुद्रमा डुबेको यात्रुवाहक डुंगाका पाँच यात्रुलाई तीन दिनसम्म समुद्रमा तैरिएपछि जीवितै उद्धार गरिएको छ । उद्धार गरिएकामध्ये सात वर्षीया बालिका समेत रहेको उद्धार अधिकारीले आइतबार जानकारी दिएका छन् । सत्तरी जनाभन्दा बढी यात्रु बोकेको उक्त डुंगा बुधबार सुलावेसी टापुको दक्षिणमा रहेको सेलायार टापु नजिकै डुबेको थियो ।

उद्धार गरिएका यात्रुले आफूहरू सुरुमा हराइरहेको भनिएको २५ जनाको समूहमा रहेको बताएका छन् । तर तीव्र हावाका कारण उनीहरू अन्य यात्रुबाट छुट्टिएका थिए । स्थानीय खोज तथा उद्धार अधिकारी मुहम्मद आरिफ अनवरका अनुसार डुंगा डुबेपछि उनीहरूले तैरिन सकिने सामग्रीको सहायताले आफूलाई बचाएका थिए ।

'उनीहरूले प्लास्टिकका ठूला डिब्बा (जेरी क्यान) र कर्कका टुक्रालाई डोरीले बाँधेर अस्थायी तैरिने साधन बनाए र त्यसैमा बसेको बताए । शनिबार दिउँसो स्थानीय माछा मार्नेहरूले उनीहरूलाई उद्धार गरी रेडियोमार्फत अधिकारीलाई जानकारी गराएका थिए । धेरै दिनसम्म पर्याप्त खाना र पानीबिना समुद्रमा रहनुपरेकाले उनीहरू कमजोर र थकित अवस्थामा भेटिएका थिए । यद्यपि, इन्स्ट्यान्ट चाउचाउ र बिस्कुट खाएर आफूलाई जीवित राख्न सफल भएको आरिफले बताएका छन् ।

## ताइवानी सेनालाई साम्यवादविरोधी शिक्षा

**एजेन्सी/** चीनबाट बढ्दो खतरालाई मध्यनजर गर्दै ताइवानको सेनाले करिब २५ वर्षको अन्तरालपछि आफ्ना सैन्य स्नातकहरूका लागि 'साम्यवादविरोधी' देशभक्तिपूर्ण कक्षाहरू पुनः सुरु गरेको छ । ताइवानको रक्षा मन्त्रालयले सोमबार यसको पुष्टि गरेको हो । ताइवानमाथि दाबी गर्ने चिनियाँ सरकारविरुद्ध लक्षित यस्ता अभियान शीतयुद्धको समयमा व्यापक थिए ।

सन् २००२ मा सैन्य स्नातकका लागि सञ्चालित औपचारिक 'साम्यवादविरोधी देशभक्तिपूर्ण शिक्षा' कार्यक्रम बन्द गरी त्यसलाई 'देशभक्तिपूर्ण शिक्षा' मा रूपान्तरण गरिएको थियो । कक्षाहरू पुनः सुरु गर्ने घोषणा गर्दै ताइवानको रक्षा मन्त्रालयले भन्यो, 'उनीहरूले राष्ट्रिय सुरक्षामा रहेका खतराहरू स्पष्ट रूपमा बुझ्न र हामी किन लड्छौं र कसका लागि लड्छौं भन्ने सैन्य उद्देश्यलाई आत्मसात् गर्न आवश्यक छ ।'

ताइवानको रक्षा मन्त्रालयका अनुसार, स्नातकहरूलाई चीनसम्बन्धी नीति तर्जुमा गर्ने मेनल्यान्ड अफेयर्स काउन्सिल, राष्ट्रिय सुरक्षा परिषद्', न्याय मन्त्रालय र सरकारको प्रमुख थिंकट्यांक (नीति अनुसन्धान संस्था) एकेडेमिया सिनिकालगायतका निकायका अधिकारीहरूले प्रशिक्षण दिनेछन् । 'यसको उद्देश्य स्नातकहरूमा मित्र र शत्रुको स्पष्ट बुझाइ विकास गर्नु हो,' विज्ञप्तिमा थप उल्लेख गरिएको छ ।

***बाढीले.....***वडाध्यक्ष माधव राईका अनुसार आफन्तको घरमा गएकी शान्ता राई फर्किन ढिला भएपछि खोज्ने क्रममा खोलामा मृत फेला परेका हुन् । यस्तै, परियारको भने गाइखुरे खोल्सीमा आएको बाढीले बगाउँदा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय खोटाङका सूचना अधिकारी प्रहरी निरीक्षक निराजन बस्नेतले बताए । खोजतलास गर्ने क्रममा परियारको शव करिब सय मिटर तल फेला परेको थियो ।

ठूलो ट्याङ्कीमा
कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की
तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०



अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

खेलकुद

### विश्वकप फाइनल :

## दुई महादेशीय च्याम्पियनको भिडन्त



**दमक/** युरोप महादेशको वर्तमान च्याम्पियन र दक्षिण अमेरिकी महादेशको च्याम्यिनबीच विश्वकप फाइनल हुँदैछ । स्पेन युरो कप र अर्जेन्टिना कोपा अमेरिका च्याम्पियन हुन् । यी दुवै महादेशीय हैसियतका प्रतियोगिता हुन् । युरो कप र कोपा अमेरिका विजेता टोलीबीच प्रतिस्पर्धा गराउने कुरा उठ्दै आएको थियो तर सम्भव भएको थिएन ।

स्पेन र अर्जेन्टिनाबीच प्रतिस्पर्धा गराउने चर्चा भए पनि मिति तथा आयोजना स्थल लगायतका विषयमा सहमति हुन सकेन । यी दुई महादेशीय विजेताबीचको खेललाई 'फाइनलिस्सिमा' भनिन्छ । संयोगले यो विश्कपमा वर्तमान महादेशीय विजेताहरू पुगेका छन् । यो विश्वपका इतिहासको नौलो विषय हो । त्यसैले विश्वपकको फाइनलाई 'विश्वपकको फाइनलिस्सिमा'का रुपमा चर्चा गरिएको छ । केहीले यसलाई विश्वपले जुराएको 'फाइनलिस्सिमा' पनि भनेका छन् ।

**विश्वकप फाइनलको टिकट ३५ करोडसम्म !**

जारी फिफा विश्वकप फुटबल अन्तर्गत अमेरिकाको न्युयोर्क-न्युजर्सी स्टेडियममा आइतबार हुने फाइनल हेर्न चाहने समर्थकले अन्तिम समयमा टिकट किन्न चाहे करोडपति हुनुपर्ने अवस्था आएको छ । खेल सुरु हुनुभन्दा २४ घण्टाभन्दा कम समयअघि फाइनलको टिकटको मूल्य पुनर्बिक्री बजारमा २३ लाख अमेरिकी डलर (करिब ३५ करोड ५३ लाख नेपाली रुपैयाँ) सम्म पुगेको छ । लियोनेल मेसीको अर्जेन्टिना र लामिन यामलको स्पेनबीच हुने फाइनललाई अमेरिकाको इतिहासकै सबैभन्दा महँगो खेलकुद प्रतियोगिता मानिएको छ ।

शुक्रबारसम्म फिफाको आधिकारिक बिक्री प्लेटफर्ममा झण्डै सबै टिकट बिक्री भइसकेका थिए । त्यहाँ उपलब्ध केही टिकटको मूल्य करिब ३२ हजार अमेरिकी डलर (४९ लाख रुपैयाँ) थियो । तर शनिबारसम्म आधिकारिक बिक्रीका लागि कुनै टिकट बाँकी रहेन। पुनर्बिक्री प्लेटफर्ममा भने टिकटको मूल्य १० हजार डलरभन्दा कमदेखि २३ लाख डलरसम्म पुगेको देखिएको छ ।

***दुर्घटनामा....***यसैबिच, गत आर्थिक वर्षमा नियम विपरीत सञ्चालन गरिएका विभिन्न ८५१ वटा सवारीसाधन कारबाहीमा परेका छन् । कारबाहीमा परेका कुल सवारीसाधनमध्ये ३६ वटा ट्रक, सातवटा बस, २६२ वटा कार तथा जिप, ४६ वटा ट्र्याक्टर, ४६२ वटा मोटरसाइकल, ३३ वटा अटो सफारी र अन्य एउटा सवारीसाधन रहेको प्रहरी सहायक हबल्दार काम्बाङले जानकारी दिए ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार सवारीसाधनमाथिको कारबाहीबाट गत आवमा आठ लाख सात हजार ५०० रुपियाँ राजस्व संकलन भएको छ । त्यस्तै, आवश्यक कागजात नभएका पाँचवटा सवारीसाधन नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि आन्तरिक राजस्व कार्यालय पठाइएको पनि ट्राफिक प्रहरीले जनाएको छ ।

दर्ता नं. ३/१/७ (६६) ०५३/०५४
इन्द्रेणी बहुउद्देश्यीय सहकारी संस्था लि.
INDRENI
MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD.
कमल-७, झापा

कर्जा चुक्ता गर्ने सम्बन्धी १५ दिने अन्यन्त जरुरी सार्वजनिक सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८३/०४/०४ गते सोमबार पूर्व सन्देश दैनिक

मिति २०८३ साल श्रावण ४ गते सोमबार यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले विभिन्न प्रयोजनका लागि ऋण लिएको बखतमा तोकिएको भुक्तानी तालिका अनुसार तिर्नु बुझाउनुपर्ने सावाँ, ब्याज र हर्जना रकम समेत नतिरी नबुझाई संस्थालाई लेखि लेखाई दिएको ऋण सम्बन्धी सर्त बन्देज उलङ्घन गर्नु भएकोले संस्थाको सम्पुर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गर्दा समेत आलटाल गरी बुझाउनु पर्ने ऋणको सावाँ, व्याज र हर्जना समेत नबुझाएको हुँदा यो सुचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस संस्थाको कार्यालयमा आई भाखा नाघेको ऋणको सम्पुर्ण सावाँ, व्याज र हर्जना लगायतको रकम चुक्ता गर्न गराउनुहुन तपाईं ऋणी सदस्य तथा हकवालामा सार्वजनिक सुचना जारी गरिन्छ, उल्लेखित मिति भित्र ऋणको सम्पुर्ण सावाँ, व्याज र हर्जना चुक्ता गर्न नआएमा सहकारी ऐन २०७४, सहकारी (पहिलो संशोधन) अध्यादेश २०८३, सहकारी नियमावली २०७५ तथा संस्थाको ऋण लगानी नीति तथा असुली नीति एवं प्रचलित कानुन बमोजिम कर्जा असुली न्यायधीकरणमा मुद्धा दर्ता गरी ऋणी सदस्यहरुको लेना रकम असुल गर्ने प्रक्रिया अगाडी बढाइने छ । असुल उपर कार्वाहिको सिल सिलामा उक्त कार्यविधि अनुसार भएका अन्य सम्पुर्ण खर्च समेत ऋणीबाटै असुलउपर गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.सं. | ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|
| १. | नाम : मनिस चिमरिया<br>बाबु : श्याम कृष्ण चिमरिया<br>बाजे : चिरन्जिवी चिमरिया<br>ठेगाना : गौरादह-५ ,हाल गौरादह-१<br>ना.नं.०४-०२-७२-०४५३३<br>जारिमिति : २०७०/१०/०४ | नाम : श्याम कृष्ण चिमरिया<br>बाबु : चिरन्जिवी चिमरिया<br>बाजे : सिद्धिप्रसाद चिमरिया<br>ठेगाना : गौरादह-५ ,हाल गौरादह-१<br>ना.नं. ६६१५<br>जारि मिति : २०५५/०८/२७ |
| २. | नाम : पारसमणी घिमिरे<br>बाबु : रङ्गलाल घिमिरे<br>बाजे : तुलसीराम घिमिरे<br>पत्नि : लिलादेवी घिमिरे<br>ठेगाना : कमल-७<br>ना.नं. : २३७ /८३९<br>जारि मिति : २०५९/१०/२९ | नाम : लिलादेवी घिमिरे<br>बाबु : त्रिलोचन दाहाल<br>ससुरा : रङ्गलाल घिमिरे<br>पति : पारसमणी घिमिरे<br>ठेगाना : कमल-७<br>ना.नं. : ०४२०४३/१११४<br>जारि मिति : २०६६/०४/१५ |
| ३. | नाम : देवेन्द्र न्यौपाने<br>बाबु : तिल बहादुर न्यौपाने<br>बाजे : दल बहादुर न्यौपाने<br>ठेगाना : दमक-७, झापा<br>ना.नं. : २३११४८८९<br>जारि मिति : २०५६/०५/१४ | |

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, प्रबन्धक: सुवासचन्द्र भट्टराई, कार्यकारी सम्पादक: खगेन्द्र कार्की ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com